कार्यपालिकाबाट पारित मिति: २०८१।०३।०६

# नौमूले गाउँपालिकाको मानसिक स्वास्थ्य सहायता कोष सञ्चालन कार्यविधि,२०८१

नौमूले गाउँपालिका मानसिक स्वास्थ्य समन्वय समिति
**नौमूले गाउँपालिका,दैलेख**
**कर्णाली प्रदेश,नेपाल**

**छविराम सुवेदी**
**गा.पा. अध्यक्ष**

(ग) "गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना गाउँपालिका सम्झनु पर्दछ ।
घ) "गाउँ सभा" भन्नाले संविधानको धारा २२३ को उपधारा १ बमोजिमको गाउँ सभा सम्झनु पर्दछ ।
ङ) "पदाधिकारी" भन्नाले : कार्यपालिकाको अध्यक्ष, उपा अध्यक्ष, वडा अध्यक्ष, तथा कार्यपालिकाका अन्य सदस्यहरु सम्झनु पर्दछ ।
च) "अध्यक्ष" : भन्नाले गाउँपालिकाको प्रमुख सम्झनु पर्दछ ।
छ) "समिति" भन्नाले मानसिक स्वास्थ्य समन्वय समिति सम्झनु पर्छ ।

### ३. मानसिक स्वास्थ्य समस्या कोषको उद्देश्य :

१.अति आर्थिक विपन्न र मानसिक स्वास्थ्य समस्या भएको व्यक्तीहरुलाई स्वास्थ्य बिमामा आवद्दता गराउने ।
२.आपतकालिन अवस्थामा मानसिक स्वास्थ्यको विशिष्टकृत मानसिक स्वास्थ्य सेवा प्रदान गर्न ।

### ४. कोषको स्थापना :

मनोसामाजिक तथा मानसिक स्वास्थ्य समस्या भएका बालबालिका तथा किशोर किशोरीहरु र मानसिक स्वास्थ्य समस्या भएका र मनोसामाजिक अपाङ्गता भएको व्यक्तीहरुलाई तत्काल उद्धार,स्वास्थ्य बिमा,स्वास्थोपचार र पुर्नस्थापना सहितको सहयोगका लागि **गाउँपालिकामा** मानसिक स्वास्थ्य समस्या सहायता नामको एक कोष स्थापना गरिएको छ ।
(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-
(क) गाउँपालिकाबाट प्राप्त रकम
(ख) सरकारी तथा गैर सरकारी संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,
(ग) स्थानीय सरकारले विनियोजन गर्ने मानसिक स्वास्थ्यको क्षेत्रमा विनियोजन गर्ने बजेट मध्येको केही प्रतिशत बजेट ।
(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ,संस्था वा व्यक्तिबाट प्राप्त रकम,
(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

### ५. कोषको उपयोग :

कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ :-
क) मानसिक स्वास्थ्य समस्यामा रहेका व्यक्तीलाई स्वास्थ्य बिमामा जोड्ने ।
ख) मानसिक स्वास्थ्य समस्यामा रहेका व्यक्तीलाई स्वास्थोपचार गर्न तथा पुनर्स्थापना गर्न,
(ग) मानसिक स्वास्थ्य समस्यामा रहेका व्यक्तीलाई विशिष्ट मानसिक स्वास्थ्य सेवा दिन,
(घ) मानसिक स्वास्थ्य समस्या सहायता सञ्चालन समितिबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्न,
(ङ) मानसिक स्वास्थ्य सहायता सम्बन्धमा समितिले तोके बमोजिमको समस्या न्यूनीकरणका कार्य गर्न र गराउन ।
(च) मानसिक स्वास्थ्य समस्या र अपाङ्गतामा रहेका व्यक्तीलाई सहयोग गर्दा जोखिमताको अवस्थालाई आधारमानी सहयोग रकम निर्धारण गरिनेछ । जसमा निम्न कुरालाई मध्यनजर गरिनेछ ।

- स्वास्थ्य बिमा : रु. ३५०० /- सम्मको सहयोग,
- विशिष्टकृत मानसिक स्वास्थ्य सेवा : बढीमा रु. ५००० /- सम्मको सहयोग गर्न सकिनेछ ।

### ६. मानसिक स्वास्थ्य सहायता कोष सञ्चालनका लागि समितिको गठन :

(६.१) कोषको सञ्चालन तथा खर्च र व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालक समिति रहनेछ ।
(२.२) गाउँपालिकामा कोष सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :-
क) गाउँपालीका अध्यक्ष एवं मानसिक स्वास्थ्य समन्वय समिति संयोजक – संयोजक
ख) उपा अध्यक्ष एव न्यायिक समिति संयोजक – सदस्य
ग) प्रमुख प्रशासकिय अधिकृत – सदस्य
घ) सामाजिक विकास संयोजक – सदस्य

छविराम सुवेदी
गा.पा. अध्यक्ष

घ) शिक्षा शाखा प्रमुख - सदस्य

ङ) महिला तथा बालबालिका शाखा - सदस्य

च) मानसिक स्वास्थ्यको क्षेत्रमा काम गर्ने - सदस्य

छ) मनोसामाजिक तथा मानसिक अपाङ्गता भएको व्यक्ती - सदस्य

ज) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

**७ .मानसिक स्वास्थ्य सहायता कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) मानसिक स्वास्थ्य समस्या र अपाङ्गतामा रहेका व्यक्तीलाई स्वास्थ्य बिमा,स्वास्थोपचार गर्ने,पुनर्स्थापना गर्ने

(ख) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(ग) मानसिक स्वास्थ्य समस्या र अपाङ्गतामा रहेका व्यक्तीलाई सहयोग स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(घ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(ङ) कोष वृद्बिको लागि स्रोतको खोजी गर्ने ।

(च) मानसिक स्वास्थ्य क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

**८. समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको दुई तिहाइ सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९ खाताको सञ्चालन :**

(१) कोषको रकम पालिकाको विविध खातामा जम्मा गरी कोष संचालन गरीनेछ ।

**१०.कोषको लेखा र लेखापरीक्षण :**

(१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षक बाट हुनेछ ।

**११.अभिलेख राख्ने** : समितिले आफूले गरेको काम कार्वाहीहरूको अभिलेख दुरूस्त राख्नु पर्नेछ ।

**अनुसूची १**

**समितिका लागि आवश्यक कागजात**

१) सेवाग्राहीको निवेदन

२) वडा कार्यालयको सिफारिस

३) मानसिक स्वास्थ्य समस्या अवस्थाको पहिचान फारम

छविराम सुवेदी
गा.पा. अध्यक्ष